


# आ. व. २०८०/०८१ को वार्षिक प्रगति समिक्षा कार्यक्रममा विजयनगर गाउँपालिकाको तर्फबाट प्रस्तुत वार्षिक प्रगति प्रतिवेदन

मिति: २०८१/०५/२५


**प्रस्तुतकर्ता:**

**शोभाराम रिजाल**

प्रमुख प्रशासकीय अधिकृत

# परिचय

**क्षेत्रफल:** १७३.१९ वर्ग कि.मि.मा फैलिएको

**वडा संख्या:** ७


**कुल जनसंख्या:** ४३,४४० (२०७८ सालको जनगणना अनुसार)

**बेवसाइट:** https://bijaynagarmun.gov.np

**सदरमुकाम देखिको दुरी:** ३८ कि.मि.

**क्षेत्र:** पूर्वमा शिवराज नगरपालिका, दक्षिणमा कृष्णनगर नगरपालिका, पश्चिममा दाङ्ग जिल्ला र छिमेकी मुलुक भारत र उत्तरमा दाङ्ग जिल्ला रहेको

**उचाई:** समुद्री सतहदेखि करिव १२० मिटर उचाइमा रहेको ।



# आ.व. २०८०।०८१ को प्रगति विवरण

- **वित्तिय प्रगति**

| क्र.सं. | विवरण | कुल आम्दानी रकम | कुल खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | सङ्घीय सरकारबाट प्राप्त अनुदान/बजेट | ४२,००,४६,५०६.३९।- | ४०,१९,६९,६०१.३३।- | ९५.७० | ससर्त, समानिकरण, समपूरक,विशेष र राजश्व बाँडफाँट |
| २ | प्रदेश सरकारबाट प्राप्त अनुदान/बजेट | २,६८,४१,४८८.६२।- | २,३७,४८,८६२।- | ८८.४८ | ससर्त, समानिकरण, समपूरक,विशेष र राजश्व बाँडफाँट |
| ३ | आन्तरीक आय | ४,०४,६०,१६८.५१।- | ३,६३,१४,३०५.०२।- | ८९.७५ | |
| | कुल जम्मा | ४८,७३,४८,१६३.५२।- | ४६,२०,३२,७६८.३५।- | ९१.३१ | वास्तविक बजेटमा आधारित |
| | **विषयक्षेत्रगत अनुसार छुट्याईएको बजेट** | **कुल रकम** | **कुल खर्च रकम** | **खर्च प्रतिशत** | **कैफियत** |
| १ | आर्थिक विकास | १,६७,७७,०००।- | १,०४,७९,७६२।- | ६२.४७ | |
| २ | सामाजिक विकास | २३,७४,०३,३४६।- | २०,३१,४५,८७३.५।- | ८५.५७ | |
| ३ | पूर्वाधार विकास | १८,००,२०,१६६.९२।- | ११,९६,३४,८३१.६७।- | ६६.४५ | |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,९३,१३,०००।- | १,७१,८८,२२४।- | ८९ | |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १२,४६,६९,०००।- | ११,१५,८४,०७७.१८।- | ८९.५ | |
| | कुल जम्मा | ५७,८१,८२,५१२.९२।- | ४६,२०,३२,७६८.३५।- | ७९.९१ | अनुमानित बजेटमा आधारित |

# भौतिक प्रगति

| क्र.सं. | विवरण | कि.मी./ संख्या | कैफियत |
|---|---|---|---|
| १ | सडक (पक्की) | ४.१७२ कि.मी. | पि.सि.सि./पेभिङ्ग ब्लक समेत |
| २ | कच्ची (ग्राभेल) | ६.७ कि.मी. | |
| ३ | खानेपानी योजना | १ वटा | |
| ४ | शिक्षा (विद्यालय भवन) | २५ वटा | नयाँ भवन निर्माण १ र बाँकी मर्मत संभार |
| ५ | स्वास्थ्य सेवा (अस्पताल निर्सिङ, स्वास्थ्य चौकी) | १२ वटा | १५ शैया अस्पताल-१, स्वास्थ्य चौकी-१ र खोपकेन्द्र मर्मत संभार-१० |
| ६ | सिंचाई | १३ वटा | ७.५ कि.मि. नहर मर्मत, ६६ वटा स्यालो ट्युवेल जडान र ३ वटा ताल पोखरी मर्मत |
| ७ | तटबन्ध निर्माण | ४५० मिटर | |

## ▪ योजना विवरण

| क्र.सं. | विवरण | लक्ष्य (संख्या) | प्रगति |
|---|---|---|---|
| १ | ५ लाख वा सो भन्दा साना योजना | १२५ | १२४ |
| २ | १० लाख सम्मका योजना | २९ | २७ |
| ३ | १० लाख भन्दा बढी ५० लाख सम्मको | ११ | १० |
| ४ | ५० लाख भन्दा बढीका योजना | ७ | ३ |
| | जम्मा | १७२ | १६४ |

# सामाजिक सुरक्षा भत्ता विवरण

| क्र.सं. | बितरण बिबरण | संख्या | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक | २०४४ | २,४२,१२,२८३।- | आ.व. २०८०/८१ को चौथो त्रैमासिकको लाभग्राही संख्यालाई आधार मानिएको |
| २ | असहाय एकल महिला | १९८ | १५,७७,३८०।- | |
| ३ | दलित | २५९ | २०,४७,३६९।- | |
| ४ | विधवा | ४९२ | ३८,८८,९२०।- | |
| ५ | पूर्ण अशक्त अपाङ्गता | ४५ | ५,३८,६५०।- | |
| ६ | अति अशक्त अपाङ्गता | ११६ | ७,३४,८१२।- | |
| ७ | लोपोन्मुख | ५ | ५९,८५०।- | |
| ८ | ५ बर्ष सम्मका बालबालिका | ४१८१ | ६४,०९,४९८।- | |
| जम्मा | | ७३४० | ३,९४,६८,७६२।- | |

# भवन तथा पूर्वाधार

| क्र.सं. | भवनको विवरण | अवस्था |
|---|---|---|
| १ | केन्द्रको प्रशासकीय भवनको अवस्था | साबिकका ससाना भवनहरुलाई प्रयोग गरि सञ्चालनमा रहेको |
| २ | वडा कार्यालय भवनको अवस्था | ७ वटै वडा कार्यालय आफ्नै प्रशासकीय भवनबाट सञ्चालनमा रहेको |
| ३ | सभाहल वा अन्य भवनको अवस्था | सभा हल आर्थिक बर्ष २०७६/०७७ मा निर्माण भई सञ्चालनमा रहेको |

## ▪ दमकल/ एम्बुलेन्स सेवाको उपलब्धता संख्या

- आ.व. २०७६।०७७ देखि १ वटा एम्बुलेन्स सञ्चालनमा रहेको,
- छिमेकी पालिकाहरुसँगको समन्वयमा दमकल सेवा सञ्चालन गर्ने गरिएको, गाउँपालिकाको आफ्नै दमकल उपलब्ध नभएको ।

# ▪ सामाजिक विकासका सूचकहरुको अवस्था

| क्र.सं. | विवरण | अवस्था |
|---|---|---|
| १ | बालमैत्री स्थानीय शासनको अवस्था | वि.सं. २०८४ साल बैशाख भित्र बालमैत्री स्थानीय शासनयुक्त स्थानीय तह घोषणा गर्ने गरी आवश्यक तयारी अघि बढाईएको |
| २ | पूर्णखोप, पूर्ण साक्षर घोषणाको अवस्था | पूर्णखोपयुक्त र साक्षर गाउँपालिका घोषणा भई दिगोपनाका कार्यहरु भइरहेको |
| ३ | फोहर मैला व्यवस्थापनको अवस्था | सबै स्वास्थ्य संस्थाहरुमा तीन रंगको मापदण्डानुसार डस्टविनको व्यवस्था र बर्थिङ्ग सेन्टरमा प्लेसिन्टा पिटको ब्यवस्था गरिएको, फोहरमैला व्यवस्थापन रणनीति तथा कार्ययोजना, २०८१ निर्माण भएको |
| ४ | वातावरणमैत्री स्थानीय शासन लागु भए/ नभएको | वातावरण व्यवस्थापन नीति, रणनीति तथा कार्ययोजना निर्माण भएको |
| ५ | छाडा पशु व्यवस्थापनको अवस्था | अन्य छिमेकी स्थानीय तहहरुसँग सहकार्यको प्रयास भईरहेको |

- **जनशक्तिको विवरण**

| क्र.सं. | विवरण | स्वीकृत दरबन्दी | पदपूर्ति | रिक्त |
|---|---|---|---|---|
| १ | प्रशासनिक कर्मचारी | २० | १२ | ८ |
| २ | प्राविधिक कर्मचारी | ३५ | ३० | ५ |
| ३ | अस्थायी/करार | - | ९५ | - |

- **न्यायिक समिति सकृयता**

क. उजुरी दर्ता संख्याः ७९

ख. फछ्यौंट संख्याः ५०

- ऐन कानून निर्माण

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | ऐन | १८ |
| २ | नियमावली | ५ |
| ३ | कार्यविधि | ३० |
| ४ | निर्देशिका | ७ |
| ५ | नीति/मापदण्डहरु | १७ |

- विपद व्यवस्थापन सम्बन्धी भएको कार्यहरु
- **कानून/कार्यविधि/मापदण्ड**

१. विपद व्यवस्थापन कोष सञ्चालन कार्यविधी, २०७६

२. विपद पूर्वतयारी तथा प्रतिकार्य योजना

३. स्थानीय विपद तथा जलवायु उत्थानशील योजना

४. विपद संवेदनशिल सामाजिक सुरक्षा योजना, २०७९-०८२

५. स्थानीय मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना, २०७९

६. विपद जोखिम न्यूनिकरण स्थानीय रणनीतिक कार्ययोजना, २०२२-३०

- **कार्यहरु:-** विपद व्यवस्थापन कोष सञ्चालनमा रहेको, शितलहरबाट प्रभावित नागरिकलाई करिब १ लाख ९४ हजार बराबरको काठ/दाउरा वितरण गरिएको, आगालागिबाट प्रभावित २८ घरधुरीका लागि करिब १ लाख ३६ हजार बराबरको खाद्यान्न तथा करिब १६ लाख ६४ हजार बराबरको जस्तापाता र पाइप वितरण गरिएको।

- गत आ.व.(२०७९/०८०) को बेरुजु विवरण कुल

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाण पेश नभएको | जम्मा |
|---|---|---|---|
| ३२,२७,६२०।- | २,६५,८५,८८५।- | २,३४,७२,२२०.८७ | ५,३२,८५,७२५.८७ |

- आ.व. २०७९-०८० को वार्षिक लेखापरिक्षण प्रतिवेदनबाट असूल उपर गर्नुपर्ने गरी उल्लेख भएको बेरुजु मध्ये रु. ५,३९,८२९।– असूल गरी दाखिला गराईएको ।

## आ.व. २०८०/८१ मा भए गरेका अनुकरणीय कार्यहरु

- १५ शैयाको आधारभूत अस्पताल निर्माण सम्पन्न भई भवन उद्घाटन गरी सेवा प्रारम्भको अन्तिम तयारीमा रहेको,
- खुला दिशामुक्त घोषित गाउँपालिकालाई सार्थक तुल्याउन विपन्न नागरिकसँगको साझेदारीमा ६०३ पक्की व्यक्तिगत शौचालय र ७ वटा संस्थागत तथा सार्वजनिक शौचालय निर्माण गरिएको,
- गाउँपालिका भित्रका गर्भवती, सुत्केरी, अपाङ्गता तथा असहाय व्यक्तिलाई निशुल्क एम्बुलेन्स सुविधा उपलब्ध गराइएको,
- गाउँपालिकाबाट हुने सबै प्रकारका भुक्तानी कार्यलाई पूर्ण रुपमा EFT मार्फत गर्ने गरिएको,
- छोरीप्रतिको हेय मानसिकतामा परिवर्तनका लागि छोरी बचाउँ छोरी पढाउँ अभियान सञ्चालनबाट हालसम्म १६४ (आ.व. २०८०/८१ मा ५६) जना छोरीको बैंक खातामा जनही रु. १५,०००।– जम्मा गरिएको,
- उच्च शिक्षा (C.A, M.B.B.S र ईन्जिनियरिङ्ग-छात्रा) अध्ययन गर्ने गाउँपालिका क्षेत्र भित्रका छात्रछात्रातर्फ MBBS-३ जनालाई जनहि १लाख, उच्च शिक्षा हासिल गर्ने ६ जनालाई नगद सहयोग र कक्षा ११/१२ मा अध्ययनरत ७७ जना दलित छात्रछात्रालाई पूर्ण छात्रवृत्ति प्रदान गरिएको,
- सडक पूर्वधार विस्तारलाई उच्च प्राथमिकता दिई गाउँपालिका केन्द्र र सम्पूर्ण वडा केन्द्रलाई जोडने सडक संजाललाई हिलो र धुलो रहित बनाउने अभियानलाई निरन्तरता दिइएको ।

## ▪ प्रमुख चुनौती र समस्या

- निर्माण सम्पन्न भई उद्घाटन समेत भइसकेको आधारभूत अस्पताललाई पूर्ण क्षमतामा सञ्चालन गरी गाउँपालिका भित्रै गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्नु,
- वहुजातिय, वहुभाषिक एवं वहुधर्म सम्प्रदायका नागरिकको बसोवास रहेको गाउँपालिकाको संवेदनशिल विविधताको समुचित व्यवस्थापन गर्नु,
- सिमित स्रोत साधनबाट असिमित जनअपेक्षा सम्बोधन गर्दै समृद्ध गाउँपालिका निर्माणको आकांक्षा पुरा गर्नु,
- स्थानीय शासनलाई सवल, सक्षम एवं औचित्यपूर्ण तुल्याउन आवश्यक ऐन कानूनको निर्माण तथा निर्मित कानूनहरुको चुस्त कार्यान्वयन गर्नु,
- राजस्वका स्रोतहरुको पहिचान गरी करको दायरामा ल्याई कम्तिमा गाउँपालिकाको प्रशासनीक खर्च थेग्ने गरी आन्तरिक स्रोतको जोहो गर्नु,

## ▪ प्रमुख चुनौती र समस्या

- गाउँपालिकाबाट असल नियतका साथ सम्पादित कार्यहरुमा समेत अनावश्यक मुद्दामामिलाहरुको झमेला रहुनु,
- नागरिकको शैक्षिक एवं जनचेतनाको स्तर न्यून रहेबाट आसातित सकारात्मक र रचनात्मक सहयोग र सहभागिता नहुनु,
- छिमेकी मुलुक भारतसँगको खुला सिमानाका कारण अधिक सुरक्षा संवेशनतिला रहनु,
- विद्यालय उमेरका सम्पूर्ण बालबालिहरुको गुणस्तरीय, व्यवहारिक एवम् समय सापेक्ष शिक्षामा पहुँच सुनिस्चित गरि दक्ष, नैतिकवान र विश्व परिवेशमा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नु,
- गुणस्तरीय स्वास्थ्य सेवाको उपलब्धता मार्फत स्वास्थ्य क्षेत्रका सूचकहरु (मातृ तथा शिशु मृत्युदर, पोषण, विमामा पहुँच)मा उल्लेख्य सुधार गर्नु,

## ▪ प्रदेश वा सङ्घीय सरकार सँगको अपेक्षा

- स्थानीय सरकारको रुपमा संविधानले प्रत्याभूत गरेका एकल अधिकारको कार्यान्वनको सवालमा स्थानीय तहलाई थप  सक्षम तुल्याई सङ्घीयतालाई सफलीभूत पार्न आवश्यक सहयोग गर्नु पर्ने,
- संविधानले परिकल्पना गरेको सहअस्तित्व, समन्वय र सहकार्यको मर्मानुरुप तीनै तहका सरकार क्रियाशिल हुनुपर्ने र परिवर्तित शासकीय व्यवस्था अनुरुप स्थानीय तहलाई व्यवहार गर्नु पर्ने,
- सङ्घ र प्रदेश सरकारबाट स्थानीय तहलाई प्राप्त हुने वित्तिय हस्तान्तरणलाई वैज्ञानिक र यथार्थपरक तुल्याई प्रतिवद्धता बमोजिमको रकम तोकिए बमोजिमको समयसिमाभित्र अनिवार्य हस्तान्तरण हुने व्यवस्था मिलाउनुपर्ने,
- साना टुक्रे योजना/कार्यक्रममा बजेट छर्ने प्रवृत्तिलाई निरुत्साहित गरी कम्तिमा २० लाख रकम सम्मका योजनाहरु स्थानीय तहमार्फत सञ्चालन हुनेगरी बजेट विनियोजन हुनुपर्ने,
- कतिपय अत्यावश्यक सङ्घीय र प्रादेशिक कानून निर्माणमा ढिलाई भएबाट स्थानीय सेवा प्रवाह प्रभावित भइरहेको सन्दर्भमा त्यस्ता ऐन कानूनहरु शिघ्र निर्माण गर्नुपर्ने,


१५ सैया आधारभुत अस्पताल




गुगौली स्वास्थ्य चौकी तथा वर्थिङ्ग सेन्टर भवन निर्माण वडा नं. १

- शौचालय निर्माणः




नेवलागंज आधारभुत विद्यालय




बनखेतमा सार्वजनिक शौचालय निर्माण

## ▪ तटबन्ध निर्माण



ईमलिखर्क तटबन्ध निर्माण




थरौली चिराई खोलामा तटबन्ध निर्माण





झुलनिया देउपुरा ईमिलिखर्क विजयनगर सडक कालोपत्रे


त्रिपालनगर-जवाबैराठ सडक कालोपत्रे



गणेशपुर ढोढरी खुरुहुरिया प्रेमनगर सडक स्तरोन्नती वडा नं. ७


छुटपाटी थरौली बनखेत नयाबस्ती सडक स्तरोन्नती तथा कालोपत्रे वडा नं. १ र ६




दुधाधारी नमुना विद्यालयमा भवन निर्माण

# जिज्ञासा तथा सुझाव केही भए ?

# धन्यवाद ।